# व्यवसायिक पशु पालन (गाई/भैंसी) फार्म व्यवस्थापनको लागि अनुदान कार्यविधि, २०७१

नेपाल सरकार (सचिवस्तर) मिति २०७१/०९/०९ को निर्णय अनुसार स्वीकृत

## कृषि विकास मन्त्रालय

## व्यवसायिक पशु पालन (गाई/भैंसी) फार्म व्यवस्थापनको लागि अनुदान कार्यविधि, २०७१

**प्रस्तावना**

दुग्ध व्यवसायले (उत्पादन, प्रशोधन तथा वितरण) देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । नेपालको कुल कृषि गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान करिव ९ प्रतिशत रहेको छ । यस व्यवसायले ग्रामिण क्षेत्रमा रोजगारी तथा आय आर्जनको प्रशस्त अवसरहरु सिर्जना गर्नुका साथै दुग्ध व्यवसायको माध्यमवाट शहरी क्षेत्रवाट ग्रामिण क्षेत्रमा दैनिक प्रवाह हुने करिव २ करोड रुपैयावाट ग्रामिण क्षेत्रको विकासमा महत्वपूर्ण टेवा पुगेको छ । यस क्षेत्रमा पाँचलाख भन्दा वढि कृषक परिवार प्रत्यक्ष्य संलग्न छन् भने देशमा स्थापित साना ठूला गरि करिव ६२० को हाराहारीमा रहेका दुग्ध उद्योगहरुवाट थप १०,००० भन्दा वढिले रोजगारीका अवसरहरु प्राप्त गरेका छन् । युवा तथा शिक्षित वर्ग एवं वैदेशिक रोजगारवाट फर्केका जनशक्तिलाई पशुपालन पेशा तर्फ क्रमशः आकर्षित गर्दै देशलाई क्रमिकरुपमा दूध तथा दुग्धजन्य पदार्थमा आत्मनिर्भर वनाउनु यस कार्यक्रमको लक्ष हुनेछ । देशभर छरिएर रहेका संगठित दुग्ध उत्पादक सहकारी संस्थाहरु यस क्षेत्रको विकास तर्फ क्रियाशिल रहेको सन्दर्भमा दुग्ध उत्पादनमा संलग्न रहेका दुग्ध उत्पादक सहकारी, कृषक एवं पशुपालन फार्महरुलाई प्रोत्साहित गरी यस पेशामा अझ बढि आकर्षित गराउन यो "**व्यवसायिक पशु पालन (गाई/भैंसी) फार्म व्यवस्थापनको लागि अनुदान कार्यविधि**, **२०७१**" तयार गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "**व्यवसायिक पशु पालन (गाई/भैंसी) फार्म व्यवस्थापनको लागि अनुदान कार्यविधि**, **२०७१**" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मितिवाट तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः**

(क) "कार्यविधि" भन्नाले व्यवसायिक पशुपालन (गाई/भैसी) फार्म व्यवस्थापनको लागि अनुदान कार्यविधि, २०७१ लाई सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले राष्ट्रिय दुग्ध विकास बोर्डलाई सम्झनु पर्छ ।

(ग) "फार्म" भन्नाले जिल्ला पशु सेवा कार्यालय वा अन्य निकायमा दर्ता भएको गाई भैसी पालन भईरहेको फार्मलाई सम्झनु पर्छ ।

(घ) "मूल्याकंन समिति" भन्नाले दफा ५ वमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

(ङ) "प्रस्ताव" भन्नाले व्यवसायिक पशु पालन फार्म व्यवस्थापनका लागि अनुदान प्राप्त गर्न चाहाने फार्मले अनुसूचि २ वमोजिमको निवेदनका साथमा पेश गरेको अनुसुचि ३ वमोजिमको पूर्ण रुपमा भरिएको परियोजनाको प्रस्ताव सम्झनु पर्छ ।

(च) "सहकारी संस्था" भन्नाले सहकारी ऐन तथा नियमावली बमोजिम सम्वन्धित कार्यालयमा दर्ता भएको कृषि वा पशु सहकारी सम्झनु पर्छ ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय वमोजिमको रहेका छन्-

(क) स्वच्छ दूध उत्पादनमा कृषकहरुलाई उत्प्रेरणा जगाउन आवश्यक सहयोग पुऱ्याउने ।

(ख) उत्पादन लागत घटाउन सहयोग पुऱ्याउने ।

(ग) कृषकहरुलाई व्यावसायमुखी बनाई रोजगार प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

## परिच्छेद २

## कार्यक्रम संचालन प्रक्रिया

### ४. प्रस्ताव आव्हानः

(क) राष्ट्रिय दुग्ध विकास बोर्डले कम्तिमा ३० दिनको म्याद राखि अनुसूचि १ वमोजिमको ढाँचामा राष्ट्रिय दैनिक पत्रिकामा आवेदनको लागि सूचना प्रकाशन गर्नेछ ।

(ख) अनुदान प्राप्त गर्न चाहने गाई तथा भैंसी पालन व्यवसायमा संलग्न फार्महरुले म्यादभित्र अनुसूचि ३ वमोजिमको ढाँचामा परियोजना प्रस्ताव र सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको अनुसूचि ४ वमोजिमको सिफारिश पत्र समेत संलग्न राखि अनुसूची २ वमोजिमको ढाँचाको निवेदन म्याद भित्र राष्ट्रिय दुग्ध विकास बोर्डको कार्यालय, हरिहरभवन, ललितपुरमा दर्ता गराउनु पर्नेछ ।

### ५. मूल्याकंन समिति गठन तथा जिम्मेवारी :

**(क)** प्राप्त भएका आवेदनहरुको मूल्याकंन गर्न देहाय वमोजिमको मूल्याकंन समिति गठन गरिनेछ-

| | |
|---|---|
| कार्यकारी निर्देशक, राष्ट्रिय दुग्ध विकास बोर्ड | संयोजक |
| बोर्ड सदस्य (कृषक प्रतिनिधि), राष्ट्रिय दुग्ध विकास बोर्ड | सदस्य |
| उपसचिव स्तर प्रतिनिधि, पशु सेवा विभाग | सदस्य |
| प्रमुख, (पशु प्रजनन महाशाखा), ने.कृ.अ.प. | सदस्य |
| निर्देशक (प्राविधिक), राष्ट्रिय दुग्ध विकास बोर्ड | सदस्य-सचिव |

(ख) दफा ४ (ग) बमोजिमको समय भित्र प्राप्त प्रस्तावहरुको प्रारम्भिक छानवीन गरि योग्यता पुगेका प्रस्तावहरुलाई मूल्याकंन समितिले अनुसूचि ५ वमोजिमको मापदण्डका आधारमा मूल्यांकन गर्नेछ ।

### ६. सम्झौता र अनुदान वितरणः

(क) राष्ट्रिय दुग्ध विकास वोर्डको बार्षिक कार्यक्रममा स्वीकृत संख्यामा नबढ्ने गरी सवै भन्दा धेरै अंक प्राप्त गर्ने समूह, फर्म वा सहकारीहरुलाई अनुसुचि ६  वमोजिमको सम्झौता गराईने छ ।

(ख) राष्ट्रिय दुग्ध विकास वोर्डको बार्षिक स्वीकृत कार्यक्रममा प्रति कृषक/समूह/सहकारीको लागि तोकिए वमोजिमको रकम २ किस्तामा अनुदान स्वरुप प्रदान गरिनेछ । जम्मा अनुदान रकमको ५० प्रतिशत रकम सम्झौता पश्चात प्रथम किस्ता स्वरुप प्रदान गरिने छ । कार्य सम्पन्न गरी सो को प्रतिवेदन पेश भए पश्चात आवश्यकता अनुसार अनुगमन गरी सम्झौता वमोजिमको कार्य सम्पन्न भएको पाइएमा दोश्रो तथा अन्तिम किस्ता रकम प्रदान गरिने छ । अनुदान रकम प्रदान गर्दा सेवा ग्राहीको नाममा रहेको नेपाल राष्ट्र बैंक वाट सम्बन्धन प्राप्त कुनै पनि वाणिज्य वैंकमा रहेको खातामा जम्मा गरिने छ ।  अनुदान प्राप्त गर्ने फर्मले  स्वीकृत अनुदान रकमको न्यूनतम ५० प्रतिशत अन्य लगानी भएको प्रमाणित अवस्थामा मात्र अनुदान रकम उपलब्ध गराईने छ ।

## परिच्छेद-३

## कार्यक्रम अनुगमन तथा मूल्यांकन व्यवस्था

**७. कार्यक्रमको अनुगमन तथा मूल्यांकन :**

(क) अनुदान प्राप्त फार्महरुको अनुगमन कृषि विकास मन्त्रालय, राष्ट्रिय दुग्ध विकास बोर्ड, पशु सेवा विभाग, क्षेत्रीय पशु सेवा निर्देशनालय र सम्बन्धित जिल्ला पशुसेवा कार्यालयका साथै आवश्यकता अनुसार विज्ञहरु सम्मिलित टोलीले गर्नेछ । अनुदान प्राप्त संस्थाले प्रस्ताव बमोजिम अनुदानको रकम खर्च गरी निर्माण गरिने संरचनामा स्पष्ट रुपमा **राष्ट्रिय दुग्ध विकास बोर्डबाट पुरक अनुदान प्राप्त** भनी लेख्नु वा खुलाउनु पर्नेछ ।

(ख) बोर्डले आवधिक रुपमा कार्यक्रमको प्रभावकारिता मूल्यांकन गर्नुपर्नेछ ।

## परिच्छेद-४

## विविध

**८. प्रचलित कानून लागु हुने**: प्रचलित कानूनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा यसै कार्यविधि बमोजिम हुनेछ ।

**९. अन्तिम व्याख्या**: यस कार्यविधिको व्याख्यामा द्धिविधा भएमा कृषि विकास मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१०. कार्यविधिमा हेरफेर गर्न सक्ने** : यस कार्यविधिमा आर्थिक विषय बाहेकका विषयहरुमा आवश्यकतानुसार कृषि विकास मन्त्रालयले हेरफेर गर्न सक्नेछ । आर्थिक विषयमा अर्थ मन्त्रालयको सहमति लिई परिमार्जन गर्न सकिनेछ ।

**अनुसूची-१**
**(दफा ४ (क) संग सम्बन्धित)**
**<u>प्रस्ताव आव्हानको सूचना</u>**

राष्ट्रिय दुग्ध विकास बोर्ड
अनुदानको लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना
प्रथम पटक प्रकाशित मितिः ......................

यस वोर्डको आ.व. .......... मा व्यवसायिक पशुपालन (गाई/भैंसी) फार्म व्यवस्थापनको लागि अनुदान दिने कार्यक्रम अन्तर्गत निजी फार्म तथा सहकारी फार्मको सहकार्यमा दुधालु पशुपालन प्रवर्द्धन कार्यक्रम संचालन गर्न प्रस्ताव आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१ अनुदान रकम : क) गोठ निर्माण सुधार ख) पोषिलो हरियो घांस उत्पादन तथा सिचाई व्यवस्थापन ग) पाडी, बाच्छी तथा कोरेलीहरु संकलन गरी हुर्काउने कार्यक्रमको लागि प्रयोग गर्न सकिनेछ ।

२. यो कार्यक्रम मार्फत नेपालभरका ..... जना व्यावसायिक कृषक, फार्म तथा सहकारी संस्थाहरुको लागी प्रति कृषक/फार्म/संस्था रु .................. को अनुदान रकम प्रदान गरिने छ ।

३. प्रस्ताव पेश गर्दा आफूले रोजेको प्रयोजनको व्यवसायिक योजना अनिवार्य पेश गनु पर्नेछ । व्यवसायिक पशु पालन (गाई/भैंसी) फार्म व्यवस्थापनको लागि अनुदान कार्यविधि,२०७१ को अनुसूची-२ वमोजिमको निवेदनका साथमा सोही कार्यविधिको अनुसूचि-३ वमोजिमको आयोजना प्रस्ताव र सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको सिफारिश समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । उपरोक्त ढाँचा अनुसार नआएका प्रस्तावहरुलाई मूल्यांकनका लागि समावेश गरीने छैन ।

४. प्रस्तावका लागि आवश्यक न्यूनतम मापदण्डः
   (क) वर्तमानमा पहाडी क्षेत्रमा ५ वा सो भन्दा वढि र तराईमा १० वा सो भन्दा वढि दुधालु गाई/भैंसी (होलस्टीन, जर्सी, मुर्रा शुद्ध वा वर्णशंकर) पालन गरेको ।
   (ख) दुधालु पशुपालनलाई प्रोत्साहित गर्न कम्तीमा ३ रोपनी वा ४.५ कट्ठा जग्गामा हरियो घांसको खेती गरेको ।
   (ग) प्राप्त अनुदान रकममा कम्तीमा त्यसको ५० प्रतिशत आफ्नो तर्फवाट थप गरी सोही प्रयोजनको लागी लगानी गर्ने प्रतिवद्धता ।
   (घ) विगत ३ वर्ष भित्र सरकारी वा गैर सरकारी निकायवाट रु ५०,००० भन्दा माथिको वस्तुगत तथा नगद अनुदान प्राप्त नगरेको हुनु पर्नेछ ।

५. आवेदनका साथमा फार्म/संस्था दर्ता प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ । मूल्य अभिबृद्धी कर (VAT) दर्ता प्रमाणपत्र वा स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र, अघिल्लो बर्षको लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता गरेको प्रतिलिपी पेश गर्नेलाई प्राथमिकता दिइनेछ ।

६. यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र राष्ट्रिय दुग्ध विकास वोर्ड, हरिहरभवन, ललितपुरमा प्रस्ताव पेश गर्नुपर्नेछ ।

७. अनुदान सम्वन्धी अनुसूचीहरु वोर्डको सूचना पाटी तथा Websit (http:/www.nddb.gov.np) मा हेर्न सकिनेछ ।

**<u>थप जानकारीको लागि सम्पर्क ठेगाना</u>**
राष्ट्रिय दुग्ध विकास वोर्ड, हरिहरभवन, ललितपुर ।
फोनः ०१-५५२५४००, ५५४२७४१

**अनुसूची-२**
**(दफा ४ (ख) संग सम्बन्धित)**
**निवेदनको ढांचा**

श्रीमान् कार्यकारी निर्देशकज्यू,
राष्ट्रिय दुग्ध विकास बोर्ड, हरिहरभवन, ललितपुर ।

**विषय :** व्यवसायिक पशु पालन फार्म व्यवस्थापनको लागि अनुदान प्रस्ताव पेश गरिएको वारे ।

प्रस्तुत विषयमा राष्ट्रिय दुग्ध विकास बोर्डको मिति................को ............ राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार जिल्ला............ गा.बि.स............. टोल/गाउँ.............मा संचालित .......................... व्यवसायिक पशु पालन फार्म व्यवस्थापनका लागी अनुदान प्रस्ताव तयार गरि पेश गरेको छु ।

प्रस्तावक फार्मको तर्फबाटः
अध्यक्ष को नामः
दस्तखतः
छापः
स्थायी लेखा नं.:

**अनुसूची-३**

**(दफा ४ (ख) संग सम्बन्धित)**

**परियोजना प्रस्तावको ढांचा**

१. संस्थाको परिचय (नाम, ठेगाना, स्थापना मिति, दर्ता भएको निकाय, सम्पर्क नम्वर...)

२. उद्देश्यः

३. परियोजनाको आवश्यकताः

४. जम्मा पशु संख्या :

५. दुध दिने पशु संख्या :

६. दैनिक दूध उत्पादनः

७. हरियो घाँस उत्पादन भैरहको भए घाँसको जात र क्षेत्रफलः

८. संस्था/फर्मले गर्ने अन्य कृयाकलापहरु (दाना, खोप, ऋण लगानी आदि) भए उल्लेख गर्नेः

९. फर्म सुदृढिकरणका लागि अनुदान मागको आधारमा खर्च गर्नु पर्ने शिर्षक तथा संस्थाले व्यहोर्ने खर्च रकमको विस्तृत बजेट कार्यक्रमः

१०. परियोजनाको सम्भाव्यता सम्बन्धि विवरणः

- प्राविधिक पक्ष (हाल अपनाइरहेको प्रविधि, प्राविधिक कर्मचारी तथा त्यसको स्तर लगायत निजको प्रमाण खुल्ने कागजात आदि)
- आर्थिक पक्ष (व्यवसायवाट हुने मासिक आम्दानी, नगद मौज्दातको अवस्था, लगानीको अवस्था, भौतिक संरचनाको विवरण)
- बजार पक्ष (कसरी उत्पादित वस्तुको विक्रिवितरण हुने गरेको छ सो को विवरण, वजारको माग र आपूर्तिको अवस्था आदि)
- सामाजिक पक्ष (प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सृजना, कार्यक्रममा दलित तथा जनजाती सहभागिता, आदि)
- वातावरणीय पक्ष (फोहोर व्यवस्थापन योजना, वातावरणमा परेको र पर्नेसक्ने प्रभावको प्रकृति र व्यापकता)

११. असल पशुपालन अभ्यास (GHP) का लागि आवश्यक न्युनतम मापदण्डको अवस्था

- खोपको नियमित व्यवस्था (भए/नभएको)
- आन्तरिक परजिवी विरुद्ध नियमित औषधी (भए/नभएको)
- गोठ, पशु, भाँडाकुँडाको दैनिक सरसफाई (भए/नभएको)
- दूध संकलन/ढुवानीको लागि आल्मुनियम वा Stainless Steel क्यानको प्रयोग (भए/नभएको)

**अनुसूचि-४**

**(दफा ४ (ख) संग सम्बन्धित)**

**<u>जिल्ला पशु सेवा कार्यालयको सिफारिश पत्रको ढाँचा</u>**

श्री राष्ट्रिय दुग्ध विकास बोर्ड,
हरिहरभवन, ललितपुर ।

**विषय : सिफारीश गरिएको वारे ।**

राष्ट्रिय दुग्ध विकास बोर्डको मिति………………….को …………… राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार जिल्ला…………………गा.बि.स……………………….वडा नं.….मा सञ्चालित………………………… फार्मले सिफारीश पाउँ भनी दिनु भएको निवेदन उपर कारवाही हुँदा उपयुक्त पाईएको व्यहोरा सिफारिश साथ अनुरोध छ ।

कार्यालय प्रमुखको
नामः
पदः
दस्तखतः
कार्यालयको छापः

**अनुसूची-५**

**(दफा ५ (ख) संग सम्बन्धित)**

**प्रस्ताव मूल्यांकनका आधारहरु**

| क्र.स. | मूल्यांकनका आधारहरु | पूर्णाङ्क | अंक प्रदान गर्ने आधारहरु |
|---|---|---|---|
| १ | अनुदान प्रस्ताव | ३० | • धेरै राम्रो भएमा : २०-३० अंक<br>• राम्रो भएमा : १०-१९ अंक<br>• ठिकै भएमा : १० भन्दा कम अंक |
| २ | दुधालु गाई/भैसीको संख्या | ३० | • तराईमा दुधालू माउ गाई/भैसी ३० वटा वा सो भन्दा वढी भएमा पुरा अंक पाउनेछ। संख्या कम भएमा सो संख्यालाई सतप्रतिशत मानि सोही अनुपातमा अंक प्रदान गरिने छ।<br>• पहाडको हकमा दुधालु माउ गाई/भैंसी २० वटा वा सो भन्दा वढी भएमा सतप्रतिशत अंक प्रदान गरिने र कम भएमा सोही अनुपातमा अंक प्रदान गरिने छ। |
| ३ | घाँस खेती गरिएको क्षेत्रफल | २० | • १० कठ्ठा भन्दा वढी - २० अंक<br>• ७-१० कठ्ठा - १५ अंक<br>• ४.५-७ कठ्ठा - १० अंक<br>• ४.५ कठ्ठा भन्दा कम भएमा - ० अंक |
| ४ | कार्यक्रममा लक्षित वर्गको सहभागिता | १० | • दलित समूदाय - १० अंक<br>• जनजाति तथा सहकारीका सदस्य - ७ अंक<br>• अन्य - ५ अंक |
| ५ | सम्वन्धित विषयमा ज्ञान/अध्ययन | १० | • सम्बन्धित बिषयमा स्नातक वा त्यो भन्दा वढी अध्ययन गरेको - १० अंक<br>• सम्बन्धित बिषयमा प्रमाण पत्र तह सम्म अध्ययन गरेको - ७ अंक<br>• प्राविधिक तालिम लिएको वा वैदेशिक रोजगारवाट फर्केको - ५ अंक |

## अनुसूची-६

## (दफा ६ (क) संग सम्बन्धित)

## सम्झौता पत्र

राष्ट्रिय दुग्ध विकास बोर्डको आ.व. ......... को स्वीकृत कार्यक्रम अनुसार व्यवसायिक पशुपालन फार्म व्यवस्थापनको लागि अनुदान दिन पेश भएको प्रस्ताव मध्ये प्रतिष्पर्धीको आधारमा मूल्याँकन उपसमितिको निर्णय अनुसार **श्री .............(फार्मको नाम)** लाई अनुदान दिने निर्णय भएकोले राष्ट्रिय दुग्ध विकास बोर्ड (यसपछि प्रथम पक्ष भनिने) **र ..........(फार्मको नाम)** (यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिल अनुसार सेवा र शर्त पालना गर्ने गरी सम्झौता गरीयो ।

१) दोस्रो पक्षको प्रस्तावना अनुसार ......(संस्था संचालन भएको ठाउँ) मा स्थापित..........**.(फार्मको नाम)** का **श्री..........(मानिसको नाम) लाई** व्यवसायिक पशुपालन फार्म व्यवस्थापन........ (कामको प्रकृति) को लागि अनुदान स्वरुप **रु...............** (अक्षरेपी .......................... मात्र) २ किस्तामा उपलब्ध गराईने छ ।

२) व्यवसायिक पशु पालन (गाई/भैंसी) फार्म व्यवस्थापनको लागि अनुदान कार्यविधि, २०७१ को दफा ६ (ख) वमोजिम दुई किस्तामा अनुदान रकम उपलब्ध गराइने छ । जस अनुसार सम्झौता पश्चात प्रथम पक्षले दोश्रो पक्षलाई प्रथम किस्ता वातप कूल अनुदान रकमको ५० प्रतिशतले हुन आउने रकम रु. ..... (अक्षेरेपी .................... मात्र) उपलब्ध गराउने छ । साथै दोश्रो पक्षले प्रस्तावनामा उल्लेखित कार्य सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन पेश गरेपछी प्रथम पक्षले स्थलगत अनुगमन गरी उपयुक्त पाईएमा दोश्रो किस्ता वापतको रकम उपलब्ध गराइने छ ।

३) कार्यसम्पन्न प्रतिवेदनका साथमा प्रथम पक्षको परामर्श तथा सहमति अनुसार दोस्रो पक्षले गुणस्तरीय सामानहरु खरिद गरी संस्था र फार्ममा आम्दानी भएको दाखिला रिर्पोट प्रथम पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

४) प्रथम पक्षबाट अनुदानस्वरुप उपलब्ध रकमबाट खरीद गरिएका सम्पूर्ण सरसामाग्रीहरुको मर्मत संभार दोस्रो पक्षले गर्नु पर्नेछ ।

५) दोस्रो पक्षले सहकार्यमा संचालित कार्यक्रमको प्रगति प्रथम पक्षलाई उपलव्ध गराउनु पर्नेछ ।

६) प्रथम पक्षबाट कुनै पनि वेला अनुगमन गरी सम्झौता अनुसारको काम भए/नभएको स्थलगत जानकारी लिई काम नभएको पाइएमा नियमानुसार कार्यबाही गरीने छ ।

७) दोश्रो पक्षले प्रस्ताव बमोजिम प्राप्त अनुदानको रकम खर्च गरेको ठाउँमा स्पष्ट रुपमा **राष्ट्रिय दुग्ध विकास बोर्डबाट पुरक अनुदान प्राप्त** भनी लेख्नु वा खुलाउनु पर्नेछ ।

| दोश्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| दस्तखत | दस्तखत |
| नामः | नामः |
| पदः | पदः |
| संस्था/फार्मको नामः | कार्यालयको नामः |
| संस्था/फार्मको छापः | कार्यालयको छापः |

रोहवर

नामः

दस्तखतः

पदः

कार्यालयः